# बाह्रदशी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

चकचकी, झापा
नेपाल
१ नं. प्रदेश

मिति :-२०७८/०४/१०

**<u>सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने अत्यन्तै जरुरी सुचना ।</u>**

प्रस्तुत विषयमा नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता विवरण लाई व्यवस्थित, प्रभावकारी र पारदर्शी ढङ्गले वितरण गर्न सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम (४) को उपनियम (१) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७८ श्रावण १ गते देखि भदौ मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य सामाजिक सुरक्षा भत्ताको नवीकरण गर्नु हुन यो सुचना जारी गरिएको छ ।

बालबालिका, पुर्ण अपाङ्गता, ९० वर्ष माथि र आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक, माथवर, स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन ।

<u>सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न वडाले संकलन गर्नुपर्ने आवश्यक कागजातहरु :</u>

१. नागरिकता प्रमाणपत्र को प्रतिलिपी
२. पासपोर्ट साइजको २ प्रति फोटो
३. बैंक खाता नम्बर र सम्पर्क नम्बर
४. बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
५. असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
६. अपाङ्गताको हकमा गाउँपालिका बाट जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपी
७. न्यायिक पृथकीकरण गरि बसेको महिलाको हकमा अदालतबाट न्यायिक पृथकीकरण प्रमाण
८. हाल सम्म विवाह नगरेको महिलाको हलमा वडाको सिफारिस

तोकिएको समयमा नविकरणका लागि निवेदन पेश नगर्ने लाभग्राहीको लगत कट्टा हुनेछ र त्यस्ता लाभग्राहीले भत्ता रकम पाउनेछैनन र पुर्ण नयाँ दर्ता प्रकिया द्वारा निवेदन दिएमा नयाँ निवेदक सरह भत्ता उपलब्ध हुनेछ ।

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकिय अधिकृत

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकीय अधिकृत